आज मिति २०८२ साल बैशाख २८ गते आइतबारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कर्णदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता बि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | पार्वती |
| ११ | श्री रत्न कुमारी वोहरा | कार्यपालिका सदस्य | रत्न |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | तुलसी |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

आमन्त्रित

श्री तिलक रावल — शाखा अधिकृत

श्री अमर सिं वबाल — योजना अधिकृत

श्री सन्तोष सापकोटा — लेखापाल

श्री सरोज वोहरा — शशि शारदा

श्री रोहित ढेक्कोटा

गाउँ कार्यपालिकाको कार्यालय

## मिति २०८२/०१/२८ गतेको कार्यपालिकाको १६० औं बैठकमा पेस भएका प्रस्तावहरु

| क्र. स. | प्रस्ताव | निर्णय गर्नुपर्ने प्रस्तावको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | आ.ब. २०८२/०८३ का लागि मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि योजना छनोट सम्बन्धमा । | आ.ब. २०८२/०८३ का लागि मुख्यमन्त्री रोजगार कार्यक्रममा पेश गर्नुपर्ने आयोजना छनोट सम्बन्धमा छलफल गर्ने । | |
| २ | भु-उपयोग योजना तथा जग्गा वर्गिकरण सम्बन्धी प्रतिवेदन स्वीकृत सम्बन्धमा । | भु-उपयोग योजना तथा जग्गा वर्गिकरण सम्बन्धी प्रतिवेदन स्वीकृत सम्बन्धमा छलफल गर्ने । | |
| ३ | पालिका स्तरिय भुमिहिन दलित भुमिहिन सुकुम्वासी अव्यवस्थित वसोवासीको व्यवस्थापनको लागि पालिका स्तरिय सहजिकरण समिति गठन सम्बन्धमा । | पालिका स्तरिय भुमिहिन दलित भुमिहिन सुकुम्वासी अव्यवस्थित वसोवासीको व्यवस्थापनको लागि पालिका स्तरिय सहजिकरण समिति गठन सम्बन्धमा छलफल गर्ने। | |
| ४ | विविध सम्बन्धमा । | विविध विषयमा छलफल गर्ने । | |

प्रमाणित

२०८२/०१/२८

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णयहरु

**निर्णय नं. -१.** प्रस्ताव नं.१ माथी छलफल गर्दा, आ.ब. २०८२/०८३ का लागि मुख्यमन्त्री रोजगार कार्यक्रममा तपशिल बमोजिमका आयोजना छनोट गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय कर्णाली प्रदेश बिरेन्द्रनगर सुर्खेतमा पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

तपशिल

| क्र.स. | आयोजनाको नाम | ठेगाना | प्रस्तावित रकम |
|---|---|---|---|
| १. | हिगौरेखोला कोलचौर, भित्रीखोला माझटोल तथा बगरखेत स्कुलतरा सिंचाई कुलो निर्माण आयोजना | वडा नं. १ | रु. १५ लाख |
| २. | ज्यामिरे खानेपानी निर्माण आयोजना | वडा नं. २ | रु.१५ लाख |
| ३. | कँरिवास चिसापानी सिंचाई कुलो निर्माण आयोजना | वडा नं. ३ | रु.१५ लाख |
| ४. | लुहामखोला (गैरामैने) नियन्त्रणका लागि तटवन्धन निर्माण आयोजना | वडा नं. ४ | रु. १५ लाख |
| ५. | ढोरवाङ्ग लिफ्ट खानेपानी विस्तार आयोजना | वडा नं. ५ | रु. १५ लाख |
| ६. | गिरी गाउँ जाने बाटोमा सिँढी निर्माण आयोजना | वडा नं.६ | रु.१५ लाख |

**निर्णय नं. -२.** प्रस्ताव नं. २ माथी छलफल गर्दा, क्लक कन्सल्टेन्सी प्रा.लि. तुल्सिपुर दाङबाट परामर्श सेवा मार्फत तयार भएको त्रिवेणी गाउँपालिकाको भु-उपयोग योजना तथा जग्गा वर्गिकरण सम्वन्धी प्रतिवेदन स्वीकृत गरी सो को कार्यान्वयनको लागि मालपोत कार्यालय सल्यान तथा वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय सर्वसहमतिले पारित गरियो ।

प्रमाणित

२०८२/०१/२८

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. -३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा, पालिका स्तरिय भुमिहिन दलित भुमिहिन सुकुम्वासी अव्यवस्थित वसोवासीको व्यवस्थापनको लागि पालिका स्तरिय सहजिकरण समिति तपशिल वमोजिम गठन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिल

- १.श्री खिम बहादुर रावत - अध्यक्ष संयोजक
- २.श्री सिता खड्का पुन - उपाध्यक्ष उपसंयोजक
- ३. नेपाली कांग्रेस प्रमुख प्रतिनिधि सदस्य
- ४. नेकपा एमाले प्रमुख/प्रतिनिधि सदस्य
- ५. नेकपा माओवादी केन्द्र प्रमुख/प्रतिनिधि सदस्य
- ६. राष्ट्रिय प्रजातन्त्र पार्टी प्रमुख/प्रतिनिधि सदस्य
- ७. पार्वति वि.क. दर्लामे कार्यपालिका सदस्य सदस्य
- ८. तुलाराम सुनार कार्यपालिका सदस्य सदस्य
- ९.जीवलाल वि.क. दलित सदस्य
- १०.प्रेम कुमारी वोहरा महिला सदस्य
- ११.रहिमदास मिया अल्पसङ्ख्यक सदस्य
- १२.प्रमुख प्रशासकिय अधिकृत सदस्य सचिव

निर्णय नं. ४, विविध सम्बन्धमा तपशिल वमोजिमका निर्णय पारित गरियो ।

क) वडा नं. ४ को पुर्ण सरसफाई अभियान्ताले राजिनामा पेश गरी राजिनामा स्वीकृति भइसकेको हुँदा निजको स्थानमा पुन: विज्ञापन आह्वान गर्ने ।

ख) लोटाउनेमा अवस्थित झोलुङ्गे पुलको एक साइड भत्किएर जिर्ण तथा जोखिमपुर्ण अवस्थामा रहेको हुँदा उक्त झोलेङ्गेपुलमा हुन सक्ने सम्भावित क्षति न्युनिकरण गर्न झोलुङ्गे पुल पुर्णरुपमा बन्द गर्ने ।

ग) भलिवल फिल्ड निर्माण आयोजना चोरखोला रु ५० हजार, भलिवल फिल्ड निर्माण आयोजना काँरागिठि रु ५० हजार, वन वातावरण तथा व्यवस्थापनको रु.५०००० र आरुचौर सिचाई कुलो निर्माण रु.१५०००० समेत गरी रु ३ लाखवाट शंखपिपल ज्यामिरे गैरागिठि बाह्रभदौ काँरागिठी मोटरवाटोमा ग्याभिन तारजाली लगाउन संशोधन गर्ने ।

घ) न्यायीक समितिका पदाधिकारीहरुलाई अन्तरजिल्ला भ्रमण कार्यक्रमको शिर्षक संशोधन गरी न्यायीक समितिका पदाधिकारी तथा कर्मचारीहरुलाई असल अभ्यास तथा अनुभव आदान प्रदान सम्बन्धी अन्तर जिल्ला भ्रमण वनाउने ।

ङ) वार्षिक परीक्षा सञ्चालन खर्चबाट रु १ लाख रुम टु रिड कार्यक्रममा थप गर्ने ।

च) क्यान्सर पिडित उमा खड्काको आमाको उपचारार्थ रु. दश हजार उपलब्ध गराउने ।

प्रमाणित

२०८२/०७/२८

खुम वहादुर के.

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner